आज मिति २०७७ साल पौष महिनाको २४ गते शुक्रबारका दिन - यस बेसीसहर नगरपालिका नगरकार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको ६४ औं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

उपस्थिति :–

१, प्रमुख — श्री गुमान सिंह अर्याल
२, उप - प्रमुख — श्री लक्ष्मी देवी अधिकारी
३, वडा अध्यक्ष वडा नं. १ - श्री बलराम श्रेष्ठ
४, ,, ,, ,, २ - श्री गणेश बहादुर कंडेल
५, ,, ,, ,, ३ - श्री सुर्य कुमार श्रेष्ठ
६, ,, ,, ,, ४ - श्री लालविर गुरुङ
७, ,, ,, ,, ५ - श्री बम बहादुर गुरुङ
८, ,, ,, ,, ६ - श्री भोज बहादुर रिमाल
९, ,, ,, ,, ७ - श्री गोबिन्द बहादुर बस्नेत
१०, ,, ,, ,, ८ - श्री पवित्रा थापा राना
११, ,, ,, ,, ९ - श्री शरद बराल
१२, ,, ,, ,, १० - श्री पूर्ण बहादुर थापा
१३, ,, ,, ,, ११ - श्री अच्यूत बाबु बगाले
१४, कार्यपालिका सदस्य — श्री विष्णु माया राना
१५, ,, ,, — श्री मन्दिरा दुनाई
१६, ,, ,, — श्री देव बहादुर गहतराज
१७, ,, ,, — श्री अजय मजाकोटी
१८, ,, ,, — श्री मनमाया गुरुङ
१९, ,, ,, — श्री दोज बहादुर खवास
२०, ,, ,, — श्री कृष्ण नेपाली
२१, ,, ,, — श्री आशा तामाङ
२२, सदस्य सचिव — श्री पुष्पराज पौडेल

सहजकर्ता कर्मचारी

२३, कार्यक्रम अधिकृत — श्री मेघेन्द्र पोखरेल
२४, नायव सुब्बा — श्री गोविन्द बहादुर राउत

***बैठकका प्रस्तावहरु***

१. ठेक्का संझौताको म्याद थप सम्बन्धमा ।
२. समपुरक तथा विशेष अनुदानतर्फको योजना प्रस्ताव सम्बन्धमा ।
३. आ.व. २०७८।७९ को आय व्ययको प्रक्षेपण सम्बन्धमा ।
४. आठौं नगरसभा सम्बन्धमा ।
५. फुटकरतर्फका योजना छनौट सम्बन्धमा ।
६. वडास्तरीय योजना संशोधन सम्बन्धमा (वडा नं ११ )
७. सुरक्षित नागरिक आवास कार्यक्रमको सम्बन्धमा (शहरी विकास मन्त्रालय/श.वि.तथा भ.नि.विभाग)
८. कर्मचारीहरुको म्याद थप सम्बन्धमा
९. प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा ।
१०. स्वास्थ्यका करार सेवातर्फका कर्मचारीहरुको पारिश्रमिक हेरफेर सम्बन्धमा
११. हाते ट्याक्टर खरीदको लागि बजेट व्यवस्थापन सम्बन्धमा
१२. कृषि तथा पशुको पकेट क्षेत्र सम्बन्धमा ।
१३. राजश्व सुधार कार्ययोजना सम्बन्धमा
१४. फोहरमैलाबाट ऊर्जा उत्पादन (waste to energy) कार्यक्रम सम्बन्धमा ।
१५. प्राकृतिक श्रोत उपयोग करको ठेक्का सम्झौता सम्बन्धमा ।
१६. मेलमिलाप केन्द्र स्थापनाको लागि घरभाडा सम्बन्धमा ।
१७. सवै मुद्धा पुर्पक्षको लागि नगरपालिकाको प्रतिनिधि तोक्ने सम्बन्धमा (रेशम घिमिरे)
१८. विविध
- घरभाडा सम्बन्धमा
- विभिन्न निकायहरुबाट प्राप्त कार्यक्रम र बजेट सम्बन्धमा
- गरीबसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा

## निर्णयहरु

**निर्णय नं १ : ठेक्का संझौताको म्याद थप सम्बन्धमा ।**

सातौं नगरसभाबाट क्रमागत शिर्षकमा बजेट विनियोजन गरिएका देहायका योजनाहरुको ठेक्का संझौताको म्याद २०७७ कार्तिक मसान्तमा समाप्त भएको र काम सम्पन्न गर्नको लागि उक्त योजनाहरुको म्याद २०७७ माघ १५ गते सम्म थप गर्ने निर्णय गरियो ।

**देहाय**

१.बेसीशहर मैयु सारिङ मनाङ सडक-उर्लेनी दुदुगाउँ कन्ट्रक्शन धुलिखेल (प्रदेश सशर्त अनुदान)
२.पुरानोकोट भ्यूटावर तथा शान्ति स्तुपा निर्माण- सिद्धि विनायक निर्माण सेवा, बेसीशहर
३.युनिभर्सल चोकदेखि मकैडाँडा सडक स्तरोन्नति बेसीशहर नगरपालिका ६ र ७ (समपुरक अनुदान) कर्ण विल्डर्स प्रालि काठमाण्डौ
४.फूलबारी मैदान स्तरोन्नति बेसीशहर नपा ८- तीनकन्या कन्ट्रक्शन

**निर्णय नं २ : समपुरक तथा विशेष अनुदानतर्फको योजना प्रस्ताव सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौको मिति २०७७/०८/३० मा प्रकाशित सूचना अनुसार आ.व. २०७८/७९ का लागि संघीय समपुरक र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि यस बेसीशहर नगरपालिकाबाट देहायका आयोजना/कार्यक्रमहरु छनौट गरी आवश्यक कागजात सहित माग गर्ने निर्णय गरियो ।

**(क) समपुरक अनुदानतर्फ :**

१.बेसीशहर युनिभर्सलचोकदेखि मकैडाँडा सडक स्तरोन्नति (गत आवमा समपुरक अनुदान प्राप्त गरेको)

२.बेसीशहर सेराकुना नयाँखेत कमरगाउँ धुरपुरे सडक स्तरोन्नति, बेसीशहर नपा ९

३.बेसीशहर बाँझाखेत हिले कार्कीडाँडा चिती तिलाहार सडक स्तरोन्नति, बेसीशहर नपा १०

४.रामचोकफाँट सिंचाई आयोजना निर्माण तथा स्तरोन्नति, बेसीशहर नपा ११

**(ख) विशेष अनुदानतर्फ :**

१. बाल उद्यान निर्माण बेसीशहर नपा ६

२.चण्डीस्थान (सारिङ) स्वास्थ्य चौकी भवन निर्माण बेसीशहर नपा ६

**निर्णय नं ३ : आ.व. २०७८।७९ को आय व्ययको प्रक्षेपण सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको आगामी आ.व. २०७८।७९ को आय व्यय देहाय वमोजिम प्रक्षेपण गरी पुस मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**देहाय :**

आ.व.०७८/७९ को आय प्रक्षेपण (रकम रु. हजारमा)

| सि.नं. | विवरण | आ.व. २०७८। ७९को प्रक्षेपित आय | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय अनुमान | ३७५०० | |
| २ | समानीकरण अनुदान (संघ) | १६५००० | |
| ३ | राजश्व बाँडफाँड (संघ) | १२०००० | |
| ४ | सशर्त अनुदान (संघ) | ३२०००० | |
| ५ | समपुरक/विशेष अनुदान (संघ) | ३०००० | |
| ६ | समानीकरण अनुदान (प्रदेश) | १५००० | |
| ७ | राजश्व बाँडफाँड (प्रदेश) | १०००० | |
| ८ | सशर्त अनुदान (प्रदेश) | १०००० | |
| ९ | समपुरक/विशेष अनुदान (प्रदेश) | १०००० | |
| १० | अन्य विविध | १९०००० | |
| | **जम्मा अनुमानित आय** | **९०७५००** | |

आ.व.०७८/७९ को व्यय प्रक्षेपण (रकम रु. हजारमा)

| | | | |
|---|---|---|---|
| १ | चालु खर्च | १२५००० | |
| २ | पुँजीगत खर्च | २६२५०० | |
| ३ | सशर्त अनुदान | ३३०००० | |
| ४ | अन्य/विविध | १९०००० | |
| | **जम्मा अनुमानित व्यय** | ९०७५०० | |

**निर्णय नं ४ : आठौं नगरसभा (चालु आ.व. २०७७०७८ को पहिलो नगरसभा) सम्बन्धमा ।**

चालु आ.व. २०७७/०७८ को पहिलो नगरसभा एवम् आठौं नगरसभाको बैठक मिति २०७७ माघ १८ गते आइतबारका दिन दिनको ११.०० बजे बेसीशहर नगरपालिकाको हलमा बस्ने गरी आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : फुटकरतफका योजना छनौट सम्बन्धमा ।**

चालु आवमा फुटकर शिर्षकमा विनियोजित बजेटबाट देहाय वमोजिमका योजनाहरु छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

<u>देहाय</u>

| क्र.सं | योजना/कार्यक्रमको विवरण | ठेगाना/वडा नं | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १. | श्री जनजागृति आधारभूत विद्यालय भवन निर्माण | ११, बरबोट | २५०००० | फुटकर शिर्षक |
| २. | धनमसे कुलो निर्माण | ९ | २००००० | सिंचाई शिषक |
| ३. | भाचोकखोला सिंचाई कुलो निर्माण | १०, भोटेफाँट | २५०००० | सिंचाई शिषक |
| ४. | शिवालय मन्दिर निर्माण | ३ | ३००००० | फुटकर शिर्षक |
| ५. | बाह्रपोले सडक निर्माण | ५ | १००००० | फुटकर शिर्षक |

**<u>निर्णय नं ६ : वडास्तरीय योजना संशोधन सम्बन्धमा ।</u>**

नगरसभा तथा कार्यपालिका बैठकबाट निर्णय भएका चालु आव २०७७।७८ का देहाय वमोजिमका योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संशोधन एवम् परिमार्जन गर्ने निर्णय गरियो ।

| क्र.सं | साविक योजना/कार्यक्रमको नाम र ठेगाना | विनियोजित रकम रु | संशोधित योजनाको नाम र ठेगाना | विनियोजित रकम रु |
|---|---|---|---|---|
| १. | कृषि तथा पशुपालन कार्यक्रम बेनपा ११ | १०००००० | बेनपा ११ का देहायका कार्यक्रमहरु | |
| | | | १. मगर परिवारका लागि एक घर एक कालो सुँगुर पाठा वितरण कार्यक्रम | १००००० |
| | | | २.बराहपोखरी प्रगतिशिल कृषक समुह आलुखेती गर्नका लागि बीउ खरीद, | ६०००० |
| | | | ३. त्रिवेणी पशु फर्म म्याट खरीद | ६०००० |
| | | | ४. बयर बोका खरीद एवम् वितरण (६०% को) | १५०००० |
| | | | ५.वडा भेटनरी शाखा औषधी खरीद | ५०००० |
| | | | ६.व्यवसायिक कागती खेती तथा पशुपालन गरी आएका कृषकहरुका लागि व्यवसायिक तालिम | ३०००० |
| | | | ७.बंगुरपालक कृषक श्री राजु विकलाई बंगुर गोठ सुधार कार्यक्रम सहयोग | ४०००० |
| | | | ८. बंगुरपालक कृषक श्री प्रेम बहादुर सुनारलाई २ वटा बंगुर पाठा खरीद | १०००० |
| | | | ९.बेसार खेती प्रवर्द्धन कार्यक्रम | ५०००० |
| | | | १०.कृषि खेतीका लागि इच्छुक दलित परिवारका लागि टनेल प्लास्टिक वितरण | १३३००० |
| | | | ११. बाँदर धपाउने मेसिन खरीद | |
| | | | १२.वोयर बोका खरिद एवं वितरण नपुग रकम थप | ३७५०० |
| | | | १२. जनजागृति आधारभूत विद्यालय निर्माण | ६२०००<br>१५०००० |
| २. | कोडारदेखि रक्सीथुँ मोटरबाटो निर्माण बेनपा १० | २००००० | १.खासुरबेसी चोकदेखि खासुर भरतराज घलेको घरसम्मको मोटरबाटो निर्माण बेनपा १० | २००००० |
| ३. | माझगाउँ खानेपानी योजना बेनपा २ | २००००० | देउराली तमु समाज सिंढी निर्माण बेनपा २ | २००००० |
| ४. | कृषि कार्यक्रमतर्फ डालेघाँस,फलफूल विरुवा वितरण बेनपा ९ | ३००००० | कृषि कार्यक्रमतर्फ डालेघाँस,फलफूल विरुवा वितरण तरकारी (च्याउ समेत) वीउ वितरण बेनपा ९ | ३००००० |

**निर्णय नं ७ : सुरक्षित नागरिक आवास कार्यक्रमको सम्बन्धमा ।**

नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई कास्की पोखराको च.नं ८६४ मिति २०७७।९।२२ को प्राप्त पत्रानुसार गरिबीको रेखामुनि रहेका तथा प्रकोपका कारण घरवार विहीन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरीदको लागि सुरक्षित नागरिक आवास सहयोग कार्यक्रम राखिएको र चालु आव २०७७।७८ मा रु १८ लाख १२ हजार बजेट प्राप्त भएको हुँदा उपरोक्तानुसारका घरपरिवारहरुबाट निवेदन संकलनको लागि सवै (११ वटै) वडा कार्यालयहरुबाट १० (दश) दिने सूचना जारी गरी तोकिएको म्याद भित्र निवेदन संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

बेसीसहर नगरपालिकामा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरु (अनुसूचीमा संलग्न) को म्याद २०७७ पौष मसान्तमा समाप्त हुने हुँदा म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०७८ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ : प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाका प्रेस सल्लाहकार श्री कृष्ण के.सी.को करार सेवाको म्याद समाप्त भएको मिति देखि लागु हुने गरी २०७८ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : स्वास्थ्यतर्फका र वडा कार्यालयका करार कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा ।**

बेसीशहर नगरपालिका अन्तर्गत स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरुमा कार्यरत करार सेवाका कर्मचारीहरु र वडा कार्यालयहरुमा कार्यरत सहायक कम्प्युटर अप्रेटरहरुको मासीक पारिश्रमिक २०७७ माघबाट लागु हुने गरी देहाय वमोजिम कायम गर्ने निर्णय गरियो ।

(क)स्वास्थ्यतर्फ:

(१) हे.अ./स्टाफ नर्स- रु २५,०००।-

(२) अ.हे.व./अ.न.मी.- रु २०,०००।-

(३) कार्यालय सहयोगी - रु १३,५००।-

(ख) वडा कार्यालयहरुका सहायक कम्प्युटर अप्रेटर (नपाबाट नियुक्त भएका) - रु १८,५००।-

**निर्णय नं ११ : हाते ट्याक्टर (मिन टिलर) खरीदको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाका कृषकहरुले खेत जोत्ने हाते ट्याक्टर (मिनि टिलर) को माग अत्याधिक रुपमा गरेको र कृषि तर्फबाट यस अघि विनियोजन गरिएको बजेट रु १६ लाख ६० हजार अपर्याप्त रहेको हुँदा देहायको शिर्षकबाट रकमान्तर गरी बजेट थप गर्ने निर्णय गरियो ।

| क्र.सं | साविक योजना/कार्यक्रमको नाम र ठेगाना | विनियोजित रकम रु | संशोधित योजनाको नाम र ठेगाना | विनियोजित रकम रु |
|---|---|---|---|---|
| १. | उपभोक्ता समिति तालिम | ३,००,००० | हाते ट्याक्टर (मिनि टिलर) खरीद | ८,००,००० |
| २. | कोभिड १९ बाट अति जोखिममा परेकालाई राहत कार्यक्रम | ५,००,००० | | |

**निर्णय नं १२ : कृषि तथा पशुको पकेट क्षेत्र सम्बन्धमा ।**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनातर्फ चालु आव २०७७।७८ मा देहायका कृषि/पशु पकेट क्षेत्र निर्धारण गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

१. बेसीशहर नगरपालिका वडा नं १ नयाँगाउँ
२. बेसीशहर नगरपालिका वडा नं ६ भलामसेरा
३. सफल बंगुर फर्म बेसीशहर वडा नं २,६,८ र १०

**निर्णय नं १३ : राजश्व सुधार कार्ययोजना सम्बन्धमा ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जि.आई. जेड समेतको सहयोगमा तयार गरिएको बेसीशहर नगरपालिकाको राजश्व सुधार कार्य योजना (Revenue Improvement Action Plan) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ : फोहरमैलाबाट ऊर्जा उत्पादन (waste to energy) कार्यक्रम सम्बन्धमा ।**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको समेत सहयोगमा बेसीशहर नगरपालिकाबाट निस्कने जैविक फोहरबाट ऊर्जा/ वायोग्याँस उत्पादन (waste to energy project) कार्यक्रम गर्नको लागि प्रक्रिया वमोजिम इकोप्राइज वायो सोलुसन प्रालि काठमाण्डौ छनौट भई नगरपालिकाको मिति २०७५।३१ को पत्र बुझी १२० दिन भित्र कार्यसम्पन्न गर्नुपर्नेमा हालसम्म पनि प्रतिवेदन नबुझाएको कारण कार्यक्रम अघि बढ्न नसकेको हुँदा सो संस्थालाई स्पष्टीकरण सोधिएकोमा स्पष्टीकरण समेत पेश नगरेकोले सो संस्था संगको सम्झौदा रद्ध गरी बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र समेतको सहयोगमा नयाँ सेवा प्रदायक संस्था छनौट प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं १५ : प्राकृतिक श्रोत उपयोग करको ठेक्का सम्झौता सम्बन्धमा ।**

चालु आव २०७७।०७८ मा प्राकृतिक श्रोत उपयोग (बालुवा, गिटी, ग्राभेल) करको हालसम्म ठेक्का सम्झौता हुन नसकेका तथा नयाँ घाटहरुको सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) ठेक्का नं ३ मर्स्याङ्दी नदी भकुण्डे थुम्कामुनिको बउरघाट को श्रोत संकलनको लागि बेसीशहर नगरपालिका २ स्थित आयुष विल्डर्सलाई न्यूनतम मूल्य रु. १ लाख ५० हजारमा ठेक्का सम्झौता गरी संकलनको लागि अनुमति दिने ।

(ख) ठेक्का नं ५ मर्स्याङ्दी नदी गैरी क्याम्पस मुनिको भागमा सडक पहुँच अवरोधको कारण ठेक्का सम्झौता हुन नसकेकोले सम्वन्धित फर्मलाई धरौटी रकम रु ५० हजार फिर्ता दिने ।

(ग) ठेक्का नं १६ दोर्दीखोला पुलदेखि चित्रे पहरामुनि हुँदै लामाबगरको भागको ठेक्काको सम्बन्धमा सडक पहुँच नभएको कारण सम्झौता हुन नसकेकोमा हाल पहुँच मार्ग तयार भएकोले कबोल गरेकै अंक रु १ लाख ६० हजार कायम गरी सम्वन्धित पक्षसंग सम्झौता गर्ने ।

(घ) मर्स्याङ्दी नदी धुपीचौर थारचौर झो.पु.देखि छोटेबगर र बरबोटखोला सम्मको भागमा सडक निर्माण सम्पन्न भएको हुँदा सो स्थानलाई नयाँ घाट कायम गरी आइ ई ई प्रतिवेदनको आधारमा ठेक्का आह्वान को सूचना प्रकाशन गर्ने ।

**निर्णय नं १६ : मेलमिलाप केन्द्र स्थापनाको लागि घरभाडा सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाका सवै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरिएको सन्दर्भमा सकभर वडा कार्यालयहरुमा नै मेलमिलाप केन्द्रको कार्यकक्ष व्यवस्थापन मिलाउने तथापी स्थानको अभाव भई कोठा भाडामा लिएकाहरुको हकमा सो भाडा रकम व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं १७ : सवै मुद्धा पुर्पक्षको लागि नगरपालिकाको प्रतिनिधि तोक्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका समेतलाई विपक्षी बनाई दायर गरिएका एवम् दायर हुन सक्ने तथा बेसीशहर नगरपालिका स्वयं वादी भई पुर्पक्षको लागि लड्नु पर्ने मुद्धाहरुमा नगरपालिकाको तर्फबाट यसै बेसीशहर नगरकार्यपालिकाको कार्यालयमा सहायक पाचौं तहमा कार्यरत कर्मचारी श्री रेशम घिमिरेलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७७/०९/२४ गतेको बैठक

**निर्णय नं १८ : विविध/घरभाडा सम्बन्धमा ।**

साविक इनरवारी गाविस वडा नं ६ रौतहट निवासी श्री वविताकुमारी र यस कार्यालय विच बेनपा ८ नारायणस्थान चोकमा नगरपालिकाको नाममा रहेको घरको ५ कोठा उपयोग गरेवापतको भाडा मासीक रु ५८,०००।- का दरले बुझाउने गरी संझौता भई आव २०७५।०७६ सम्मको भाडा चुक्ता भएको हुँदा गत आव र चालु आवको हकमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) गत आव २०७६।०७७ को हकमा कोभिड १९ ले भएको लक डाउनको कारण निजलाई ४ महिनाको भाडा रकम रु २,३२,०००।- छुट दिने र बाँकी ८ महिनाको बुझाउनु पर्ने रु. ४,६४,०००।- असुल गर्ने ।

(ख) चालु आव २०७७।०७८ को हकमा उपरोक्त दरमा नै भाडा रकम असुल गर्ने ।

(ग) गत आव र चालु आवको हाल (पुस) सम्मको गरी निजले बुझाउनु पर्ने रकम रु २ लाख ८८ हजार देखिएको हुँदा सो रकम बुझाउन ताकेता गर्ने ।

**निर्णय नं १९ : विभिन्न निकायहरुबाट प्राप्त कार्यक्रम र बजेट सम्बन्धमा**

चालु आ.व. २०७७।०७८ मा यस बेसीशहर नगरपालिकामा सशर्ततर्फ चालु र पुँजीगततर्फ देहायका योजना तथा कार्यक्रमहरु प्राप्त भएको हुँदा आवश्यक समन्वय गरी तुरुन्त कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय :

१.सुरक्षित आवास कार्यक्रम (ब.उ.शि. ८०१०४११६३) रु. १८,१२,०००।- (सवै वडा)

२.सहजी रङ्गशाला स्तरोन्नति सामाजिक वि. मन्त्रालय (ब.उ.शि. ३५००००११४) रु. ३०,००,०००।- बेनपा ७

३.मानव सेवा आश्रम भवन निर्माण सामाजिक वि. मन्त्राय (ब.उ.शि.३५००००११३) रु. ५०,००,०००।-

४.स्थानीय तहसंगको समन्वयमा हिंसा प्रभावित महिला तथा बालबालिकाहरुका लागि आपतकालीन आश्रय सहितको सेवा केन्द्र सञ्चालन निरन्तरता सामाजिक वि. मन्त्रालय (ब.उ.शि. ३५००००११३) रु. १०,००,०००।-

**निर्णय नं २० : गरीबसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।**

गरीवसंग विश्वेश्वर कार्यक्रमतर्फ देहाय वमोजिम गर्ने निर्णय गरियो ।

(क) गरीवसंग विश्वेश्वर कार्यक्रम कार्यक्रमतर्फका कर्मचारीहरुले हाल खाइपाई आएको मासीक पारिश्रमिक (रु १५,०००।-) न्यून रहेको हुँदा सो पारिश्रमिकमा बृद्धि गरी वडा कार्यालयहरुमा कार्यरत सहायक कम्प्युटर अप्रेटरहरुको सरह (मासीक रु १८,५००।-) कायम गर्ने व्यवस्थाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

(ख) चालु आवको गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत विनियोजित रु १ लाख ५० हजारबाट बेसीशहर नगरपालिका वडा नं २ मा बाखापालन कार्यक्रम सञ्चालन गर्ने ।